जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक २५१ | २०७९ साल बैशाख २७ गते मंगलबार (10 May 2022 Tuesday) | मूल्य रु. ५/-

**झाडापखाला तथा बान्ताबाट बच्न,**

- दूषित खानेपानीको प्रयोग नगरौं,
- बासी, सडेगलेका तथा झिंगा, भुसुना भन्किएका खानेकुरा नखाऔं,
- सफासँग हात धोई खाना पकाऔं,
- खाना खानुअघि साबुनपानीले हात धोऔं,
- फलफूल तथा सागसब्जी सफा पानीले पाखालेर मात्र खाऔं,
- स्वच्छ र सफा पानीको प्रयोग गरौं वा पानी उमालेर पिउने गरौं,
- चिल्लो वा तारेको खानेकुरा सकेसम्म नखाऔं,

झिंगा, दूषित खाना र पानी, फोहर हात एवं भाँडाकुँडा, झाडापखाला तथा बान्ताका कारक हुन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : संगठनका किसानमुखी नीति र... ३ पृष्ठमा : सबै मतगणनास्थलमा सिसी ... ३ पृष्ठमा :हवानाको होटलमा भएको...

# राजविराजमा अन्तिम चरणको कसरत


**इर्साद अन्सारी, प्रमुख पदको उम्मेदवार, काँग्रेस**


**भिमराज यादव, प्रमुख पदको उम्मेदवार, जसपा**


**शम्भु प्रसाद यादव, प्रमुख पदको उम्मेदवार, माओवादी केन्द्र**


**नथुनी दास, प्रमुख पदको उम्मेदवार, नेकपा एकिकृत समाजावदी**


**दिपेन्द्र चौधरी, प्रमुख पदको उम्मेदवार, लोसपा**

**दैनिक समाचारदाता**
**राजविराज, २६ बैशाख ।**

स्थानीय तह निर्वाचन नजिकिएसँगै सप्तरी सदरमुकाम राजविराज नगरापालिकामा मत आ-आफ्नो पक्षमा पार्न राजनितिक दल र तीनका उम्मेदवारहरु अन्तिम चरणको प्रयासमा जुटेका छन ।

मौन अवधी शूरु हुनु अघि नै उम्मेदवारहरु चर्को गर्मीका बाबजुद पनि मतदाता नजिक धमाधम पुग्न थालेकका छन् ।

गत स्थानीयतहको निर्वाचनमा नगर प्रमुख पदमा यहाबाट तत्कालीन राजपाका उम्मेदवार शम्भु प्रसाद यादव निर्वाचित भएका थिए । उनले अर्का मधेशवादी दल संघिय समाजवादीका भिमराज यादवलाइ १३ मतको भिनो अन्तरले पराजित गरेका थिए ।

अहिले फेरी दुबै जना आमनेसामने भएका छन । तर यस पटक शम्भु प्रसाद यादव पार्टी परिर्वतन गरी नेकपा माओवादी केन्द्रको तर्फबाट उम्मेदवार बनेका छन् भने भीमराज यादव जसपाको तर्फबाट चुनावी मैदानमा छन् ।

नेपाली काँग्रेसले युवा जुझारु नेता इर्साद अन्सारीलाई प्रतिस्पर्धामा उतारेको छ । यसले काँग्रेसलाई चुनावमा उत्साहित पारेको छ । "हामी निरन्तर मजबुत बन्दै गएका छौं, काँग्रेसका नगर प्रमुख पदका उम्मेदवार अंसारीले भने-यस पल्ट मधेश आन्दोलनको राप र ताप खासै छैन, नगरवासीले परिर्वतन र विकास काँग्रेसले नै गर्न सक्छन भन्ने बुझेका छन ।"

उनले आफ्नो प्रतिस्पर्धा जसपाका भीमराज यादवसंग रहेको बताए । जसपाका भीमराजले जसपा प्रति नगरवासीको मोह अझ कायम रहेको र केही दिन यता यस पार्टीमा जोडिनेको संख्या पनि बुद्धि हुदै गएको बताउदै जित्ने दाबी गरे । "संगठनको मामिलामा पनि अहिले काँग्रेस भन्दा निकै बलियो छौं, उनले भने -जितको अन्त्यन्त नजिक छौ । यद्धपी काँग्रेस नै निकटतम प्रतिद्वन्दी हुने अनुमान गरेका छौं ।

नगरवासीले भने यहाँ प्रमुख राष्ट्रिय राजनीतिक दलहरु बीच नै मुख्य प्रतिष्पर्धा हुने बताइरहेका छन् । लोसपाका दिपेन्द्र चौधरी र नेकपा माओवादी केन्द्रका शम्भु प्रसाद यादव, नेकपा एकीकृत समाजवादीका नथुनी दास पनि कोण सभा र घरदैलो कार्यक्रमलाई तिब्रता दिदै जीतको नजिक पुग्न प्रयासरत छन् । उनीहरु पनि आ-आफ्नो जीत हुने दाबी गरिरहेका छन् ।

यहा एमालेबाट अनिल झा, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट उमेश साह, नेपाल प्रगतिशिल पार्टीबाट अशोक साह, जनमत पार्टीबाट ममता झा पनि प्रमुख पदमा उम्मेदवारी दिदै चुनावी मैदानमा छन । सबैले नगर विकासको साझा मुद्दालाई नै अघि सारेका छन । सबैले आ-आफ्नै दाबी गरे पनि कसले बाजी मार्ला ? भन्ने बारे अहिले निकै तर्क विर्तक र वहस हुन थालेको छ ।

यता उम्मेदवारहरु रंगी चंगी झण्डा बोकेर टोल टोलमा कार्यकर्ता साथ नाचगान गर्दै मत माग्ने गरेको दृष्य दिनभर देखिने गरिएको छ । चर्को घाममा दिनभरीको थकान मेट्न नपाउदै राती अबेर सम्म कार्यकर्ता भेटघाट, कोठे बैठक र कपि कलम, क्यालकुलेटर राखेर कुन वडाबाट कस्को कती मत आउने र थप मतको जोगाड कसरी गर्ने भन्नेबारे हिसाब किताब समेत हुने गरेको विभिन्न दलका उम्मेदवारका समर्थकहरुले बताएका छन् ।

यहाँको निर्वाचनमा जातीय मतले पनि ठुलै प्रभाव पार्ने गरेको छ । एक उम्मेदवारले भने "त्यसैले कुन जातीको कती मत हो ? त्यसको पनि डाटा संकलन र हिसाब किताव गरि सम्बन्धित जातीका अगुवालाई परिचालन गर्ने काम भईरहेको छ । राजविराज नगरपालिकामा नयाँ थप सहित ४० हजार ३६ मतदाता छन् । १६ वटा वडा रहेको राजविराज नगरपालिकामा ३० बैशाखमा हुने निर्वाचनका लागी नगरक्षेत्र भित्र २७ वटा मतदान केन्द्र कायम गरिएको जिल्ला निर्वाचन कार्यलय सप्तरीले जनाएको छ ।




## भारतसँग जोडिएको सीमानाका आज रातीदेखी बन्द हुँदै

**दैनिक समाचारदाता**
**राजविराज, २६ बैशाख ।**

स्थानीय तह निर्वाचनलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय सप्तरीले मंगलबार रातिदेखि भारतसँग जोडिएको सीमानाका बन्द गर्ने निर्णय गरेको छ ।

जिल्ला प्रशासन कार्यालयले सोमबार एक सूचना जारी गर्दै वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष एवं भयरहित वातावरणमा सम्पन्न गर्न छिमेकी मुलुक भारतसँग सिमाना जोडिएको सम्पूर्ण सीमानाका मंगलबार राति १२ बजेदेखि शुक्रबार राति १२ बजे सम्मका लागि बन्द गरिने उल्लेख छ ।

प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमद्वारा जारि सूचनामा मंगलबारदेखि मादक पदार्थ बिक्री र सेवनमा पूर्ण प्रतिबन्ध समेत लागाइएको उल्लेख छ । मदिराका कारण विभिन्न खालका घटना हुनसक्ने भएकाले तिनको कारोबार र सेवनमा रोक लगाइने निर्णय गरिएको तथा निर्णयविपरीत कसैले काम गरेको पाइएमा कारबाही गरिने सूचनामा

*बाँकी तीन पृष्ठमा*

## जनज्योति कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

### चुनावी गतिविधीमा बालबालिकाको प्रयोगप्रति दलहरु गम्भिर बन्

यही बैशाख ३० गते हुने स्थानिय तह निर्वाचनका लागि अहिले सम्पूर्ण दलले पूर्ण रुपमा आ-आफ्नो शक्ति परिचालन गरेको छ। मतदातालाई रिझाउन उनीहरु बिहानैदेखी घर दैलोमा पुगेर मत माग्न व्यस्त छन्। यस बाहेक विभिन्न चुनावी सभा, बैठक तथा ऱ्याली जस्तो कार्यक्रमलाई निरन्तरता दिइरहेका छन्। तर, यस्ता कार्यक्रममा बालबालिकाहरुको सहभागिता भने उल्लेख्य देखिन्छ। बालबालिकालाई चुनावी गतिविधीमा प्रयोग नगर्न राष्ट्रिय मान्यता रहेपनि दलहरुले यसलाई वेवास्ता गर्दै उनीहरुलाई कानुन विपरीत प्रयोग गरिरहेकोप्रति गम्भिर देखिदैनन्।

निर्वाचन आयोग समेतले बालबालिकालाई निर्वाचन प्रयोजनमा उपस्थिति नगराउन सचेत गराएपनि दलहरु यसप्रति थारै पनि गम्भिर देखिदैनन्। हुन त बालबालिकालाई निर्वाचन मात्रमा नभएर अन्य सार्वजनिक कार्यक्रममा समेत प्रयोग गर्न बन्देज रहेको छ। तर बालबालिकाहरुको प्रयोग न्यून हुनुका साथै बढ्दै गएको छ। यसप्रति सरोकारवाला निकायको पनि खासै ध्यान पुग्न सकिरहेको छैन्।

तसर्थ बालबालिकालाई कुनै पनि वहानामा सार्वजनिक कार्यक्रम लगायत राजनीतिक गतिविधीका प्रयोग नगर्न सरोकारवाला निकायहरुले दवाव दिनु आवश्यक छ। साथै सरकारी तथा गैरसरकारी निकाय समेतले यसप्रति गम्भिरतापूर्वक चासो देखाउनु उत्तिकै जरुरी रहेको छ भने दलहरु पनि गम्भिर हुनु आवश्यक छ।

# संगठनका किसानमुखी नीति र वैज्ञानिक भूमिसुधार कार्यक्रम

काठमाडौँ, २५ वैशाख (रासस)।

स्थानीय तहको निर्वाचन नजिकिँदै गर्दा विभिन्न राजनीतिक दल तथा दल निकट किसान सङ्गठनले किसानमुखी नीतिलाई प्रतिबद्धतामार्फत अगाडि सारेका छन्।

दुई तिहाइ जनसङ्ख्या ओगट्ने किसानको जीवनमा समृद्धि र खुसीयाली ल्याउने दिशातर्फ उन्मुख पाँच दलीय गठबन्धनमा आबद्ध सङ्गठनले कृषि क्षेत्रको दिगो विकासको पक्षमा कृषि क्रान्तिलाई सफल बनाउन वैज्ञानिक भूमिसुधार लागू गर्नुपर्ने विषयलाई अगाडि सारेका हुन्। खाद्य सम्प्रभुता, जलवायु न्याय, नेपाली किसानको हकहित र अधिकार तथा किसानमुखी नीति विभिन्न कार्यक्रमका माध्यमबाट कृषि क्षेत्र व्यावसायीकरण, औद्योगीकरण, सहकारीकरण र दिगो विकासको पक्षमा निष्ठापूर्वक सक्रिय हुने गठबन्धनका नेता प्रमेश पोखरेलले बताउनुभयो।

नेपाली कांग्रेस आबद्ध नेपाल किसान महासङ्घ, नेकपा (माओवादी केन्द्र) निकट किसान सङ्गठन, नेकपा (एकीकृत समाजवादी) र नेकपा (मसाल) निकट अखिल नेपाल किसान महासङ्घ तथा जनता समाजवादी पार्टीको समाजवादी किसान महासङ्घ छन्। ती सङ्गठनले निर्वाचनलाई व्यवस्थित बनाउन आवश्यकताअनुसार संयुक्त बैठक बसेर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा कृषिक्षेत्रको व्यवसायीकरणका लागि जोड दिइरहेका छन्।

उनीहरुले खाद्य तथा कृषि क्षेत्रको आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्नसमेत सुझाएका छन्। "किसानको जीवनमा समृद्धि र खुसीयाली ल्याउने तथा आत्मनिर्भर कृषि अर्थतन्त्रको विकासद्वारा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गर्न सकिन्छ", पोखरेलले भन्नुभयो। उहाँका अनुसार कृषि क्षेत्रमा गरिने लगानीले किसानको आयस्तर वृद्धि भई उनीहरुको खर्च गर्नसक्ने क्षमता विस्तार गरी अर्थतन्त्रलाई चलायमान बनाइनेछ। संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न स्थानीय तहको निर्वाचनबाट छनोट हुने जनप्रतिनिधिले भूमिका निर्वाह गर्न आवश्यक देखिएको बताइन्छ।

ठूला कर्पोरेट घराना, विदेशी बहुराष्ट्रिय निगमलाई जमिन भाडामा दिने उद्देश्यका साथ भूमि बैंकको अवधारणा विगतमा ल्याइएकाले त्यसको खारेजी गराउन लागिपरेको पाँच सङ्गठनले योजना बनाएको छ। देशभरका किसान सङ्घ/सङ्गठनका प्रतिनिधि, राष्ट्रिय किसान सञ्जाल तथा कृषि र भूमिसम्बन्धी नागरिक सङ्गठनको विरोध रहँदै आएको थियो। यस्तै किसानले आफ्नो भूमि अति सस्तोमा भाडामा लगाउनुपर्ने, भूमि बैंकले सार्वजनिक खरिद ऐनअनुसार बढाबढ मूल्यमा स्वदेशी तथा विदेशी लगानीकर्तालाई दिनुपर्ने, तिनले कागजपत्र मिलाएर स्थानीय तहबाट कृषि क्षेत्रमा दिइने अनुदानसमेत कब्जा गर्ने, विदेशबाट फर्केका युवालाई आफ्नै जमिनमा खेतीपाती गर्न तथा जमिन बेचबिखन गर्न नपाउने गरी भूउपयोग ऐन २०७५ मार्फत ल्याएको भूमि बैंकजस्तो भूमिसुधार विरोधी व्यवस्थालाई अविलम्ब ऐन संशोधन गर्न सङ्गठनले आग्रह गरेको छ।

जनताको त्याग र बलिदानको प्रतिफलस्वरूप गणतन्त्र, धर्मनिरपेक्षता, समावेशीकरण र समानुपातिक प्रतिनिधित्वको राजनीतिक प्रणाली कायम भएकाले लोकतन्त्र, अग्रगमन र किसानको हकहित, अधिकारका लागि अग्रगमनका पक्षमा आबद्ध राजनीतिक दलहरूका उमेदवारलाई मतदान गर्न गठबन्धनले आग्रह गर्दै आएको छ।

गठबन्धनमा आबद्ध किसान सङ्गठन किसानको नेतृत्व तथा प्रतिनिधित्व गर्दै उनीहरूको हकहित र अधिकारका साथै गणतन्त्र, लोकतन्त्र, अग्रगमन, धर्मनिरपेक्षता, समावेशीकरण र समानुपातिक प्रतिनिधित्वको पक्षमा रहेको एकीकृत समाजवादी पार्टी निकट अखिल नेपाल किसान महासङ्घका अध्यक्ष बलराम बाँस्कोटाले बताउनुभयो। यस्तै शिक्षा, स्वास्थ्य, खानेपानी र स्थानीय सरकारबाट हुने सेवा प्रवाहमा पहिलो पटक स्थानीय निर्वाचनमा भाग लिन घोषणापत्र सार्वजनिक गरेको एकीकृत समाजवादीले पनि रेल पूर्वाधार भन्दा शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनका पूर्वाधारलाई प्राथमिकतामा राखेको छ।

स्थानीय तहमा निर्वाचनमा रेलसहित यातायात, विद्युत् र पर्यटनको विस्तारमा जोड दिने घोषणापत्रसहित सहभागी राप्रपाले अहिले कृषि क्षेत्रको विकासलाई प्राथमिकता दिएको छ। रापपाको प्रतिबद्धतापत्रमा स्थानीय तहको कार्यसमितिले विगत वर्षमा कृषि क्षेत्रको विकासमा के कति रकम लगानी गरे वा विनियोजित रकम खर्च गर्न सकेनन् त्यसको सूचनाका आधारमा उत्पादन वृद्धि गर्न बीउबिजनमा सुविधा उपलब्ध गराउनुपर्नेसमेत उल्लेख गरेको छ।

राप्रपाले चुनावी प्रतिबद्धतामा सुशासनसहित कृषि, शिक्षा, स्वास्थ्य र रोजगारी जस्ता विषयलाई प्राथमिकतामा राखेको नेता सुन्दरप्रसाद पाण्डेले बताउनुभयो।

# निर्वाचनमा सक्रिय रुपमा सहभागी हुन कांग्रेसको आग्रह

काठमाडौँ, २६ वैशाख (रासस)।

नेपाली कांग्रेसले स्थानीय तह निर्वाचनमा सहभागी भएर आफ्नो मताधिकार उपयोग गरी स्थानीय विकासलाई अगाडि बढाउने र नागरिकको घर दैलौमा सेवा पु¥याउने जनप्रतिनिधिको निर्वाचनमा सक्रिय रुपमा सहभागी हुन मतदाताहरूमा अनुरोध गरेको छ।

पार्टी प्रवक्ता डा प्रकाशशरण महतले आज पार्टी कार्यालयमा पत्रकार सम्मेलन गरेर कुनै किसिमको प्रलोभन, डर, धाक, धम्कीमा नपरी मतदान गर्न आग्रह गर्दै भयरहित वातावरणमा निर्वाचन हुनेमा पार्टी विश्वस्त रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले ७५३ वटै पालिकामा स्वस्थ प्रतिस्पर्धाको अपेक्षा गरेका छौं।"

चितवनमा नेपाली कांग्रेसका प्रदेश प्रतिनिधि अनिल परियारको हत्या भएकामा त्यसको निन्दा गर्दै दोषीमाथि उहाँले कारबाहीको माग गर्नुभयो। उहाँले रुकुम

*बाँकी तीन पृष्ठमा*

**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सबै मतगणनास्थलमा सिसी क्यामरा जडान गर्न निर्देशन

**रमेश लम्साल**
काठमाडौँ, २६ वैशाख (रासस)।

यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनलाई विवादरहित र स्वतन्त्र सम्पन्न गराउन निर्वाचन आयोगले विभिन्न रणनीति अख्तियार गरेको छ। सोही क्रममा आयोगले निर्वाचन आचारसंहितालाई पनि कडाइका साथ लागू गरिरहेको छ।

नेपालको संविधान घोषणा भएपछि हुन लागेको दोस्रो निर्वाचनले संविधान कार्यान्वयन गर्ने र लोकतन्त्रलाई अझै परिस्कृत गर्दै लैजानेमा धेरै मतैक्य छ। सोही क्रममा आयोगले स्थानीय तह निर्वाचनका लागि ७५३ वटै स्थानीय तहका मतगणनास्थलमा अनिवार्य रुपमा क्लोज सर्किट क्यामेरा (सिसी क्यामेरा) को प्रबन्ध गरेको छ।

मतगणनाको क्रममा हुने अवाञ्छित गतिविधि रोक्न र विवाद कम गर्ने उद्देश्यका साथ सिसी क्यामेराको प्रबन्ध गरिएको हो। मतगणना कार्यलाई पारदर्शी र सुरक्षित राखी कुनै विवाद उत्पन्न भएको पाइएमा विद्युतीय अभिलेखीकरणका लागिसमेत उपयोगी हुने भएकाले सिसी क्यामराको प्रबन्ध गर्न निर्देशन दिइएको हो। सो प्रयोजनका लागि आयोगले नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहलाई परिपत्र पनि गरेको थियो। आज या भोलिसम्म सबै पालिकामा त्यस्तो क्यामेरा जडान भइसक्नेछ। कूल ३५० पालिकामा यसअघि नै सिसी क्यामेरा जडान भइसकेको छ।

त्यस्तै ५० पालिकाले आफुखुसी आयोगको भीएमएस सिस्टमसँग जडान नहुने सिसी क्यामेरा जडान गरेको पाइएकाले त्यसलाई पनि सोही प्रणालीमा जडान हुने गरी क्यामेरा प्रबन्ध गर्न भनिएको छ। त्यस्तो कार्य वैशाख २९ गतेसम्म पूर्णरुपमा सम्पन्न गर्न निर्देशन दिइएको छ।

आयोगले जिल्ला प्रशासन कार्यालय, स्थानीय तहका निर्वाचन अधिकृतलाई त्यस्तो निर्देशन गरेको हो। सबै मतगणनास्थलको प्रत्यक्ष दृश्य आयोगको बहादुरभवनस्थित कार्यालयबाटै हेर्न मिल्ने गरी व्यवस्था मिलाइएको छ। यसबाट निर्वाचनको विश्वसनीयतामा समेत वृद्धि हुने र कुनै अवाञ्छित गतिविधिले प्रश्रय नपाउने विश्वास लिइएको छ।

आयोगका प्रवक्ता एवं सहसचिव शालिग्राम शर्मा पौडेलले यसअघि नै कुनै कुनै पालिकामा उक्त क्यामरा राख्नैपर्ने नपर्ने भनेर सोधनी भएको उल्लेख गर्दै आयोगको निर्णय कार्यान्वयन गर्न आनाकानी गरिए मान्य नहुने र राख्न नचाहनुको अर्थ त्यहाँ कुनै गडबडी गर्न लागिएको त होइन ? भन्ने प्रश्न उत्पन्न भएको बताउनुभएको थियो।

गत निर्वाचनमा चितवनको भरतपुर महानगरपालिका र केही पालिकामा मतगणनामा विवाद हुँदा केही वडामा पुनःमतदानसमेत भएको थियो। निर्वाचनका लागि कूल १० हजार ७५६ मतदानस्थल र २१ हजार ९५५ मतदान केन्द्र निर्धारण गरिएको छ। निर्वाचनका लागि कूल एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाता छन्।

स्थानीय तह निर्वाचनमा विभिन्न पदमा उम्मेदवारी दिनेमा वयस्कको संख्या उल्लेख्य रहेका छन्। आयोगका अनुसार ३५ देखि ५० वर्ष समूहका उम्मेवारको संख्या ७६ हजार १६२ छ। सो उमेर समूहका ३९ हजार ६६९ पुरुष र २७ हजार ४९३ महिला उम्मेदवार छन्। एक्काइसदेखि ३५ वर्ष उमेर समूहका १८ हजार ७८० पुरुष र १६ हजार ४७८ महिला गरी कुल ३५ हजार २५८ उम्मेदवार छन्। यसैगरी ५१ देखि ६५ वर्ष उमेर समूहका उम्मेदवारको संख्या ३७ हजार ५४ छ। सो उमेर समूहमा २६ हजार ५१५ पुरुष र १० हजार ५३९ महिला छन्।

यस्तै ६५ वर्ष माथिका चार हजार ३५० पुरुष र एक हजार १७७ महिला गरी पाँच हजार ५२७ उम्मेदवार रहेका छन्। यही वैशाख ३० गते ७५३ स्थानीय तहका कूल ३५ हजार २२१ पदका लागि निर्वाचन हुँदैछ। निर्वाचनमा कूल एक लाख ४५ हजार १० उम्मेदवार छन्। नगरपालिका प्रमुखमा तीन हजार २३८, उपप्रमुखमा एक हजार ९६४, गाउँपालिका अध्यक्षमा तीन हजार ९२ र उपाध्यक्षमा दुई हजार १६३ जनाको उम्मेदवारी कायम भएको छ। यस्तै वडाध्यक्षमा ३२ हजार ४९६, सदस्यमा ५३ हजार १७३, महिला सदस्यमा २५ हजार ५९९ र दलित महिला सदस्यमा २३ हजार २८५ जनाको उम्मेदवारी परेको छ।

### *भारतसँग जोडिएको ...*

जनाइएको छ।

जिल्लाका उद्योगी, व्यवसायी र सर्वसाधारणलाई निर्वाचन अवधिभर मदिरा भण्डारण र बिक्री वितरण नगर्न आग्रह गरिएको छ भने अनुमति लिएर मात्र सवारीसाधन प्रयोग गर्न, आपसी सद्भाव कायम राख्न र आचारसंहिता पालना गर्नसमेत जिल्ला प्रशासन कार्यालयले सबैलाई आग्रह पनि गरेको छ।

### *निर्वाचनमा ...*

पश्चिम, बाजुरा, सप्तरी, सिन्धुपाल्चोक, नुवाकोट, पाण्डुसेनलगायत केही स्थानमा छिटफुट झडपका घटना भएका जानकारी दिँदै निर्भयपूर्वक मतदान गर्ने वातावरण सिर्जना गर्न पार्टीका तर्फबाट उहाँले सरकारसँग आग्रह गर्नुभयो।

पार्टीले स्थानीय सरकारलाई नागरिकको सेवकमा रुपान्तरण गर्ने, जनतामुखी नीति उत्तरदायी शासन प्रणाली प्रवर्द्धन गर्दै सबैलाई शिक्षा र सीपमूलक तालिमको अवसर उपलब्ध गराउने, वडाबाटै नागरिकमैत्री सेवाप्रवाह, घरदैलोमा सेवा 'अगुवा विद्यालय' को स्थापना, सबै टोल र गाउँमा इन्टरनेटको सुविधा, सार्वजनिक स्थानमा निःशुल्क वाईफाई, छात्रालाई निःशुल्क सेनिटरी प्याड, पर्याप्त शिक्षक दरबन्दीको व्यवस्था, एक शिक्षक एक ल्यापटपको व्यवस्था तथा शिक्षामा हुने लगानी अहिलेको भन्दा दोब्बर गर्ने लक्ष्यका साथ काम गरिरहेको उहाँले बताउनुभयो।

उहाँले हरेक तहमा उद्यम विकास केन्द्र र रोजगार बैंक, वैदेशिक रोजगारीमा जानेलाई सीपमूलक तालिम, एक वर्षभित्रै संविधानका अधिकार लिने कानुन निर्माण, न्याय सम्पादनमा जनशक्तिको व्यवस्था, पूर्वाधार र सेवाको गुणस्तर मापदण्ड निर्माण, यथार्थपरक बजेट निर्माण भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन एक हेक्टरभन्दा कम वन रहेका ३०५ भन्दा धेरै स्थानीय तहमा वनको विकास तथा 'फोहरबाट मोहर आर्जन' गर्ने कार्यक्रमलाई उच्च प्राथमिकताका साथ पार्टीले कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी


डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजबिराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


# विश्व समाचार

## हवानाको होटलमा भएको विस्फोटमा परी मृत्यु हुनेको सङ्ख्या ३० पुग्यो

हवाना, २६ वैशाख (रासस/सिन्ह्वा)।

क्युबाको राजधानी हवानाको मध्य क्षेत्रमा रहेको एउटा होटलमा गत शुक्रबार भएको विस्फोटमा परी मृत्यु हुनेको संख्या ३० पुगेको जनाइएको छ। सो सुविधान सम्पन्न होटलमा गएको शुक्रबार विस्फोट भएको थियो।

त्यसमा परी आइतवार थप पाँच जनाको ज्यान गएको छ। सो समेतगरी यस विस्फोटमा परेर ज्यान जानेको संख्या ३० पुगेको अधिकारीहरुले जानकारी दिएका छन्।

उक्त दुर्घटनामा परी ज्यान जानेमा एकजना स्पेनी पर्यटक पनि परेको बताइएको छ। त्यसमा ती पर्यटकसहित ३० जनाको मृत्यु भएको राज्य सञ्चालित टेलिभिजनले आइतबार जनाएको छ। सो दुर्घटनामा परेका अरु कम्तीमा पनि ८४ जना घाइते छन्। ती घाइतेहरु पनि अधिकांश जलेका बताइएको छ।

होटलको ग्यास चुहावटका कारण शक्तिशाली विस्फोट भएको क्युबाको राष्ट्रिय टेलिभिजनले जनाएको छ। यस दुर्घटनाको उद्धारको काम जारी रहेको पनि सो टिभीले जनाएको छ। दुर्घटनापछि भग्नावशेषमा पुरिएका मानिसहरू जीवित पाइने आशामा खोजी जारी राखिएको क्युवाली अधिकारीले बताएका छन्। तर अब भने मानिसहरुलाई जीवितै उद्धारको सम्भावना नरहेको उनीहरुको भनाई छ।

## मलेसियालमा कोरोनाबाट दुई हजार भन्दा बढी संक्रमित, चार जनाको मृत्यु

क्वालालम्पुर, २६ वैशाख (रासस/सिन्ह्वा)।

मलेसियामा गएको २४ घन्टामा २ हजार जना भन्दा बढी कोरोना भाइरसका संक्रमित भेटिएका छन्। अधिकारीहरुका अनुसार यहाँ गएको २४ घन्टामा २ हजार १५३ जना कोरोना संक्रमित भेटिएका हुन्।

त्यसैगरी गएको २४ घन्टा यतामात्र यहाँका संक्रमितहरुमध्ये चार जनाको ज्यान गएको पनि अधिकारीहरुले जनाएका छन्।

यहाँ अहिलेसम्म ३५ हजार ५८३ जनाको कोरोना भाइरसको संक्रमणबाट निधन भएको बताइएको छ। त्यसैगरी यहाँ अहिलेसम्म ४४ लाखभन्दा बढी सङ्क्रमित भएका पनि पाइएको छ।यहाँ अहिले पनि २६ हजार जनाभन्दा बढी सक्रिय सङ्क्रमित रहेका बताइएको छ। तीमध्ये थोरै मात्र सङ्क्रमितहरुमा यो भाइरसको असर देखिएको मलेसियाको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

## क्यानाडाका प्रधानमन्त्री युक्रेनमा राष्ट्रपति जेलिन्स्कीसँग भेटवार्ता

किभ २६ वैशाख (रासस/सिन्ह्वा)।

क्यानाडाली प्रधानमन्त्री जस्टिन ट्रयुडेउ युक्रेन पुग्नुभएको छ। उहाँ आइतबार युक्रेन पुगेको समाचारमा जनाइएको छ। प्रधानमन्त्री ट्रयुडेउले आइतबार नै युक्रेनका राष्ट्रपति भोलोदोमिर जेलिन्स्कीसँग भेटवार्ता पनि गर्नुभएको बताइएको छ।

उहाँहरुका बीचमा युक्रेनको पछिल्लो अवस्थाका बारेमा कुराकानी भएको थियो। त्यस अवसरमा क्यानाडाले युक्रेनलाई गर्ने सहायताका बारेमा कुराकानी भएको थियो। त्यसक्रममा युक्रेनका राष्ट्रपति जेलिन्स्कीले रुसका विरुद्धमा थप नाकाबन्दीका लागि आग्रह गर्नुभएको थियो।

साथै राष्ट्रपति जेलिन्स्कीले क्यानाडासँग युक्रेनका लागि थप सैन्य तथा अन्य मानवीय सहायता सामग्रीहरुको माग गर्नुभएको थियो। त्यस अवसरमा क्यानाडाली प्रधानमन्त्रीले युक्रेनका लागि थप सैन्य सहयोग र अन्य आर्थिक सहायतासम्बन्धी प्याकेजको पनि घोषणा गर्नुभएको समाचारमा जनाइएको छ।

## श्रीलङ्काको राजधानीमा कर्फ्यु, आन्दोलनका क्रममा २० घाइते

कोलम्बो, २६ वैशाख (रासस/एएफपी)।

श्रीलङ्काको राजधानी कोलम्बोमा सोमबार दिउसोदेखि कर्फ्यु आदेश लागू गरिएको छ। आर्थिक सङ्कटका कारण महङ्गी र अभाव बढेको भन्दै आन्दोलनमा उत्रिएका आन्दोलनकारी र प्रहरीका बीचमा झडप भएपछि कर्फ्यु लगाइएको हो

झडपका क्रममा कम्तीमा २० जना घाइते भएको र उनीहरुको स्थानीय विभिन्न अस्पतालमा उपचार भइरहेको अधिकारीहरुले जनाएका छन्। पछिल्लो समय लामो समय विद्युत कटौती हुने, महङ्गी अत्यधिक बढ्ने र विभिन्न वस्तु तथा सेवाहरुको अभाव हुने गरेकाले आम नागरिक आक्रोसित र आन्दोलित भएका छन्।

